# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

पत्र संख्या : ०८२/०८३
चलानी नं. : सूचना ६

मिति : २०८२/४/११
ने.सं. ११४५ गुँल्लाथ्व, ३ आइतवार

श्री यो जो जससँग सम्वन्धित छ ।

विषय- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी प्रकाशित सूचना ।

प्रस्तुत विषयमा सिद्धिचरण नगरपालिका -११ गैरीगाँउ ,ओखलढुङ्गा स्थित श्री जालपा मा.वि. मा रिक्त रहेको प्रा. वि. तहको स्वीकृत दरवन्दीमा पदपुर्ती गर्न सरुवा प्रकृया अगाडी बढाइदिन हुन भनी वि.व्य.स.को मिति २०८२/३/२६ को निर्णय तथा विद्यालयको च.नं. १३५ मिति २०८२/०३/२६ को पत्रवाट अनुरोध भई आएकोले सम्वन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५( पन्ध्र ) दिन भित्र शिक्षा नियमावलीको अनुसुची-१७ वमोजिमको ढाँचामा सम्वन्धित विद्यालय , स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका-२०८१ को दफा ९ वमोजिम सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च

१.तोकिएको म्याद भित्र विद्यालय इमेल ठेगाना jalapa.mavi206@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।

२.म्याद नाघि वा तोकिए वमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

३. सरुवा हुन चाहेको विद्यालय एउटै स्थानीय तहको भए हाल कार्यरत विद्यालयको सहमति ,एउटै जिल्ला भित्रको फरक स्थानिय तह अन्तर्गतका विद्यालय भए आफु कार्यरत विद्यालय र कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति र सरुवा भइ जाने विद्यालय अर्को जिल्ला अन्तर्गत विद्यालय भए हाल कार्यरत विद्यालय, विद्यालय रहेको स्थानीय तह र कार्यरत विद्यालय रहेको इकाइको सहमति समेत समावेश गर्नु गर्नेछ ।

O/C

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाई ,ओखलढुंगा

श्री जालपा मा.वि. सिनपा-११, गैरीगाँउ ।

०८२।०४।११

निमित्त प्रमुख प्रशासकीय अधिकृत